## ५२ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०३।०१)

**प्रस्ताव नं.१ १७ औं नगरसभा अधिवेशनको तयारी सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको सत्रौं (१७ औं) नगरसभा अधिवेशन तयारी अन्तर्गत व्यवस्थापकीय पक्ष पुरा भएको र सभा सदस्यहरुको अध्ययनको लागी प्रस्तावित नीतिहरु लागयत अन्य मस्यौदा तयार हुदै गरेको समिक्षा गरियो ।

**प्रस्ताव नं.२ आ.व.२०८२/०८३ को नीति तय सम्बन्धमा .**

निर्णय नं २ : प्रस्ताव नं २ उपर छलफल गर्दा यस टीकापुर नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को अनुसुचिमा उल्लेखित नीति तथा कार्यक्रम स्वीकृत गरियो साथै उक्त नीति तथा कार्यक्रम नगर सभा बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ सटर भाडा लगाउने सम्बन्धमा ।**

निर्णय नं ३ : प्रस्ताव नं ३ उपर छलफल गर्दा मिति २०८२।०१।१२ गते बसेको ४९ औं कार्यपालिका बैठकको निर्णय नं १ बाट.टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा नगर कार्यपालिकाको कार्यालय वरिपरि रहेका सपिङ्ग कम्प्लेक्स भवनको १३ वटा कोठा कार्यालय प्रयोजनका लागि आवश्यक (सटर) भएकोले सो बाहेकका अन्य ५४ वटा कोठा मात्र एकमुष्ट बहालमा लगाउने निर्णय भएकोमा कार्यालयलाई (सटर) आवश्यक कोठा आगामी दिनमा बजेट विनियोजन गरी नयाँ निर्माण गर्ने र हाल सम्पूर्ण ६७ वटा कोठाहरुलाई टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ मा उल्लेखित प्रति कोठा मासिक भाडादरलाई घर बहाल कर सहितको न्यूनतम ठेक्का अङ्क कायम गरी पाँच वर्षको लागि बहालमा लगाउन कोठागत रुपमा ठेक्का नं..कायम गरी ठेक्का बन्दोबस्त प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै बहाल ठेक्का बन्दोबस्त गर्दा नगर कार्यपालिकाको कार्यालयको पूर्वतर्फ रहेको सपिङ्ग कम्प्लेक्स भवनको उत्तरतर्फको कोठा (हालको कोठा नं.६) लाई १ नं.कायम गरी ६७ वटै कोठाको तपशिल बमोजिमको नयाँ कोठा नं.कायम गर्ने निर्णय गरियो ।

तपसिल :

**टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनमा रहेका कोठा (सटर) हरुको नयाँ कायम हुने कोठा नं.को विवरण**

| क्र.सं. | साविकको कोठा नं. | नयाँ कायम हुने कोठा नं. | क्र.सं. | साविकको कोठा नं. | नयाँ कायम हुने कोठा नं. | क्र.सं. | साविकको कोठा नं. | नयाँ कायम हुने कोठा नं. |
|---|---|---|---|---|---|---|---|---|
| क) | नगर कार्यपालिकाको कार्यालयको पूर्वतर्फको सपिङ्ग कम्प्लेक्स भवन | | | | | | | |
| १ | १ | ६ | ३ | ३ | ४ | ५ | ५ | २ |
| २ | २ | ५ | ४ | ४ | ३ | ६ | ६ | १ |
| ख) | नगर कार्यपालिकाको कार्यालयको दक्षिणतर्फको सपिङ्ग कम्प्लेक्स भवन | | | | | | | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | ७ | १६ | १० | १६ | २५ | १९ | २५ |
| ८ | २ | ८ | १७ | ११ | १७ | २६ | २० | २६ |
| ९ | ३ | ९ | १८ | १२ | १८ | २७ | २१ | २७ |
| १० | ४ | १० | १९ | १३ | १९ | २८ | २२ | २८ |
| ११ | ५ | ११ | २० | १४ | २० | २९ | २३ | २९ |
| १२ | ६ | १२ | २१ | १५ | २१ | ३० | २४ | ३० |
| १३ | ७ | १३ | २२ | १६ | २२ | ३१ | २५ | ३१ |
| १४ | ८ | १४ | २३ | १७ | २३ | ३२ | २६ | ३२ |
| १५ | ९ | १५ | २४ | १८ | २४ | | | |
| **ग)** | **नगर कार्यपालिकाको कार्यालयको पश्चिमतर्फको सपिङ्ग कम्प्लेक्स भवन** | | | | | | | |
| ३३ | २७ | ३३ | ३८ | ३२ | ३८ | ४३ | ३७ | ४३ |
| ३४ | २८ | ३४ | ३९ | ३३ | ३९ | ४४ | ३८ | ४४ |
| ३५ | २९ | ३५ | ४० | ३४ | ४० | ४५ | ३९ | ४५ |
| ३६ | ३० | ३६ | ४१ | ३५ | ४१ | | | |
| ३७ | ३१ | ३७ | ४२ | ३६ | ४२ | | | |
| **घ)** | **नगर कार्यपालिकाको कार्यालयको उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवन** | | | | | | | |
| ४६ | ४० | ४६ | ५४ | ४८ | ५४ | ६२ | ५६ | ६२ |
| ४७ | ४१ | ४७ | ५५ | ४९ | ५५ | ६३ | ५७ | ६३ |
| ४८ | ४२ | ४८ | ५६ | ५० | ५६ | ६४ | ५८ | ६४ |
| ४९ | ४३ | ४९ | ५७ | ५१ | ५७ | ६५ | ५९ | ६५ |
| ५० | ४४ | ५० | ५८ | ५२ | ५८ | ६६ | ६० | ६६ |
| ५१ | ४५ | ५१ | ५९ | ५३ | ५९ | ६७ | ६१ | ६७ |
| ५२ | ४६ | ५२ | ६० | ५४ | ६० | | | |
| ५३ | ४७ | ५३ | ६१ | ५५ | ६१ | | | |

**प्रस्ताव नं.४ आयोजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत रु. | संशोधित आयोजनाको नाम | ठेगाना | स्वीकृत रु. |
|---|---|---|---|---|---|---|
| | टीकापुर मानव मलमुत्र प्रशोधन केन्द्रको बाहिरी क्षेत्रमा गेट सहित पक्की घेराबार निर्माण | | २६८००००। | टीकापुर मानव मलमुत्र प्रशोधन केन्द्रको पुर्व तर्फ बाहिरी | टीकापुर-१ | ३६८००००। |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मानव मलमुत्र प्रशोधन केन्द्रको बाहिरी क्षेत्रमा टहरा निर्माण तथा इलेक्ट्रोनिक उपकरण जडान कार्य | | १०००००० | क्षेत्रमा गेट सहित पक्की घेराबार तथा सवारी साधन राख्ने ट्रस निर्माण र माटो पटानी कार्य | | |

**प्रस्ताव नं.५ विषयगत क्षेत्र समन्वय समिति गठन सम्बन्धमा ।**

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको मिति २०७६।११।२८ गतेको मन्त्रीस्तरीय निर्णय बमोजिम स्थानीय तहमा संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठनका लागि सचिवस्तरिय निर्णय भएको र उक्त निर्णय कार्यान्वयनका लागि सामाजिक विकास कार्यालय, सुदुर पश्चिम प्रदेशको मिति २०८२।०२।२५ गते उक्त समिति गठन तथा अभिमुखिकरणका लागि पत्राचार भएको हुँदा सो समितिको संयोजकको रुपमा कार्यपालिका सदस्य श्री रुपमति ड.थारुलाई तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६ आयोजनाको म्यादथप सम्बन्धमा ।**

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा निर्माणाधिन रहेका निम्नानुसारका आयोजना तथा कार्यक्रमहरुको देहाय बमोजिम म्यादथप गर्ने निर्णय गरियो ।

| क्र.सं | आयोजनाको नाम | ठेगाना | ठेक्का नं. | ठेकेदारको नाम | सम्झौता मिति | सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | Jamara Bridge to Bus Park Road side Green Belt Fencing and Beautification Works | टीकापुर-०१ | TMO/NCB/16/WORKS/2081/082 | श्री प्रेम निर्माण सेवा, पचाल झरना गा०८-.पा., कालिकोट | २०८१।०८।०५ | २०८२।०१।१५ | २०८२।०३।१५ |
| २ | Supply,Delivery,Installation,Testing and Commisioning of Smart Street Lights in Tikapur Municipality,Kailali | टीकापुर१- | TMO/NCB/41/WORKS/2080/081 | श्री ड्राईभ ईलोक्ट्रोनिक्स प्रा.लि, नयाबजार काठमाडौं पचाल झरना गा०८-.पा., कालिकोट | २०८१।०३।१२ | २०८१।१२।१५ | २०८२।०३।१५ |

प्रमाणित ०२।०६

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | गोपालको घर देखि शिव मन्दिर हुदै बाबुराम चौधरीको घर सम्म र गर्भाको घर हुदै सेती मैया स्कुल सम्म,रोहनीबोझी, सर्पराजको घर देखि दहित सरको घर सम्म कालोपत्रे योजना, टीकापुर नगरपालिका वडा नं०९. | टीका पुर-०९ | TMO/NCB/21/ROAD /2081/082 | श्री ओम निर्माण सेवा, धनगढी कैलाली | २०८१।०८।२७ | २०८२।०२।१५ | २०८२।०३।१५ |
| २ | टिकापुर नगरपालिका वडा नं ४ स्थित बढघर घर निर्माण निर्माण आयोजना | टीका पुर४- | TMO/NCB /42/BUILD/2080/81 | श्री ओम निर्माण सेवा , धनगढी - ३,कैलाली | २०८१।०४।१४ | २०८२।०१।३० | २०८२।०३।१५ |
| ३ | Construction Of Bituminious Road(Way From TinKunay Chowk to Bagalay Chautara to Ncell Tower | टीका पुर३- | TMO/NCB/26/ROAD /2081/082 | श्री साँउद बिल्डर्स प्राली., टिकापुर,कैलाली | २०८१।११।०१ | २०८२।०२।३० | २०८२।०३।१५ |
| ४ | Construction Of Bituminious Road(Way From Divyapur, partipur To hulakisadak Road | टीका पुर७- | TMO/NCB/27/ROAD /2081/82 | श्री बेटर लाईफ कन्स्ट्रकसन, टिकापुर,कैलाली, | २०८१।१०।२० | २०८२।०२।३० | २०८२।०३।१५ |
| ५ | Construction Of Bituminious Road(Way From Khakaraula Road Sita Chaudhary House To I.M.E School to Jumlipur Kodaipur | टीका पुर४- | TMO/NCB/35/ROAD /2081/82 | श्री हिडा कन्स्ट्रकसन मेल्लेख ,अछाम | २०८१।१२।०४ | २०८२।०२।३० | २०८२।०३।१५ |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | Construction Of Bituminious Road(Way From Khakaraula Road Sita Chaudhary House To I.M.E School to Jumlipur Kodaipur | टीका पुर४- | TMO/NCB/35/ROAD/2081/82 | श्री मदन कन्स्ट्रक्सन, टिकापुर ,कैलाली | २०८१।१२।०४ | २०८२।०२।३० | २०८२।०३।१५ |
| ७ | Construction Of Bituminious Road& Drain (Way From Padmprakasheswar mandir , Mahadev tole Toward Ward no. 6 simreni Road., Tikapur Municipality Ward No.7, Kailali | टीका पुर-७ | TMO/NCB/39/ROAD/2081/82 | श्री आशिष कन्स्ट्रक्सन एंड कन्सर्न , टिकापुर ,कैलाली, | २०८१/१२//७ | २०८२।०२।३० | २०८२।०३।१५ |
| | शक्तिनगर शिविरको सडक निर्माण | टीकापुर-१ | उपभोक्ता समिति | शक्तिनगर शिविरको सडक निर्माण उपभोक्ता समिति ,टीकापुर -०१ | २०८०।०८।२२ | २०८१।०३।२४ | २०८२।०३।१५ |

**प्रस्ताव नं .७ सपिङ्ग कम्प्लेक्स भवनको बाँकीबक्यौता बहाल रकम सम्बन्धमा ।**

**निर्णय नं७.** प्रस्ताव नं ७.माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा नगर कार्यपालिकाको कार्यालय वरिपरि रहेका सपिङ्ग कम्प्लेक्स भवनको कोठा (सटर) बहालमा लिई व्यवसाय सञ्चालन गरेका व्यक्ति/ फर्महरु मध्ये मासिक बहाल र विलम्ब शुल्क बापतको रकम बुझाउन बाँकी रहेका व्यक्ति/ फर्महरुलाई बाँकीबक्यौता रकम बुझाउन पटक पटक सार्वजनिक सूचना र पत्र मार्फत जानकारी गराइएकोमा हालसम्म पनि बाँकीबक्यौता रकम नबुझाएकाहरुको हकमा देहाय बमोजिम गर्ने/ गराउने निर्णय गरियो ।

(क) मासिक बहाल र विलम्ब शुल्क बापतको रकम बाँकीबक्यौता रहेको कोठा (सटर) मा हाल व्यवसाय सञ्चालन गरी रहेका व्यक्ति/ फर्म र नगर कार्यपालिकाको कार्यालयको अभिलेख अनुसार उक्त कोठा बहालमा लिएको देखिएको व्यक्ति/ फर्मको नामनामेसी टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा २४ को उपदफा (ग) बमोजिम पत्रपत्रिका र नगरपालिकाको वेभसाइट लगायतका सञ्चारका अन्य माध्यमबाट सार्वजनिक गरी ३५ दिनभित्र बाँकीबक्यौता रकम दाखिला गर्न आह्वान गर्ने ।

(ख) निश्चित अवधि भित्र बाँकीबक्यौता रकम बुझाउने कबोल गरी नगर कार्यपालिकाको कार्यालयमा कबुलियतनामा पेश गरेकोमा उक्त समयावधि समाप्त भई हालसम्म पनि बाँकीबक्यौता रकम चुक्ता

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

नगरेका व्यक्तिहरुको हकमा प्रचलित कानून बमोजिम बाँकीबक्यौता रकम असुल उपर गर्नका लागि कानूनी प्रक्रिया अगाडि बढाउने ।

**प्रस्ताव नं ८ टीकापुर बंगला पार्क भित्र रहेको फलफूल बगैंचाको आँप बिक्री सम्बन्धमा ।**

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा टीकापुर बंगला पार्कमा रहेको आँप, कटहर तथा लिचीको फलफूल बगैंचा ठेक्का प्रक्रिया मार्फत सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नगर कार्यपालिकाको कार्यालयबाट चालु आ.व. मा २ वर्षको लागि मिति २०८१।०४।१७ र मिति २०८१।०५।२० गते दोस्रो पटक तथा ७ वर्षका लागि मिति २०८१।११।२५ गते प्रथम पटक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गर्दा समेत कुनै पनि फर्म वा संस्थाबाट बोलपत्र पेश नभएकोले ठेक्का बन्दोबस्त हुन नसकेको सन्दर्भमा उक्त बगैंचामा रहेको काँचो आँप प्रति किलो रु.५०।– का दरले टीकापुर पार्कमा कार्यरत कर्मचारी परिचालन गरी विक्री विवतरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९. नदीजन्य पदार्थको बिक्री बितरण सम्बन्धमा ।**

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा मिति २०८२।०१।१२ गते बसेको ४९ औं कार्यपालिका बैठकको निर्णय नं.७ बमोजिम टी.न.पा.-५, दौलतपुर मसानघाट क्षेत्र (संकेत नं.टी ५१) बाट मिति २०८२।०२।१२ गतेदेखि मिति २०८२।०२।३१ गतेसम्म नगर कार्यपालिकाको कार्यालयको आफ्नै स्रोत साधन प्रयोग गरी नदीजन्य पदार्थको उत्खनन/ संकलन गरी टी.न.पा.-५, नुक्लिपुर स्थित भैरवनाथ वन संरक्षण समितिको कार्यालय नजिक घाटगद्दी गरिएकोमा उक्त स्थानमा जम्मा गरिएको नदीजन्य पदार्थ सु.प.प्रदेशको आर्थिक ऐन, २०८१ र टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ मा उल्लेखित दर रेट मू.अ.कर बाहेक प्रति घन फिट रु.६।- (प्रति घन मिटर रु.२१२।-) मा स्वीकृत लागत अनुमान बमोजिम उत्खनन र घाटगद्दी स्थलसम्म ढुवानी खर्च प्रति घन मिटर रु.८६।८८ (मू.अ.कर बाहेक) थप गरी जम्मा रु.२९८।८८ र सो को १३ प्रतिशत मू.अ.कर रु.३८।८५ सहित जम्मा रु.३३७।७३ (अक्षरेपि तिन सय सैंतिस र पैसा त्रिहत्तर मात्र) प्रति घन मिटरको दरले टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन भएका आयोजनाले माग गरेमा पहिलो प्राथमिकता दिने गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रमाणित
०३।०६

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत